**BIDDING DOCUMENT**

**For**

# Extraction of Aggregates (Fine/Coarse) from Mahakali River at various locations

**National Competitive Bidding (NCB)**

---

## Mahakali Municipality, Office of Municipal Executive, Khalanga Darchula

Issued on:

Issued to: All the eligible contractors

# महाकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खलँगा, दार्चुला
### सुदुरपश्चिम प्रदेश नेपाल

**महाकाली नगरपालिका क्षेत्राधिकार भित्रको महाकाली नदिको नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टि, वालुवा आदि) उत्खनन् तथा विक्रि सम्बन्धी बोलपत्र आव्हानको सुचना**

प्रथम पटक प्रकाशित मितिः २०७७|०३|**११**

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) एवं महाकाली नगरपालिकाको नगर कार्यपालिकाको निर्णय वमोजिम आ.व.२०७६/०७७ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हुने गरी महाकाली नगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७५/०७६ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रित पुर्वकको वोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

## तपसिल

| ठेक्का न. | विवरण | न्युनतम अंक(कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटि रकम |
|---|---|---|---|---|
| 01/MMD/NCB/SA/A1 | Shreebagr no.1<br>Shreebagr no.2<br>Lashku Khola<br>Bangabagad<br>Dumpaani area<br>Birendraban no. 1<br>Birendraban no.2<br>Galfai<br>Namaskar | **14626545** | 3000 | कबूल अंकको ५ प्रतिशत |
| 02/MMD/NCB/SA/A2 | kimtadi<br>Khettebagar no.1<br>Khettebagar no. 2<br>Masinibaluwala no. 1 | **12773323** | 3000 | |
| 03/MMD/NCB/SA/A3 | Masinibaluwa no. 2<br>Dhap area<br>Kankada area no. 1<br>Kankada area no. 2 | **16697835** | 3000 | |
| 04/MMD/NCB/SA/A4 | Sakaar area no. 1<br>Dattu area no. 1 | **10949510** | 3000 | |

नि. प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र सम्बन्धी शर्तहरु :

१. बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले मान्यता प्राप्त वाणिज्य बंकैले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७८ श्रावण मसान्त सम्म म्याद भएको रितपुर्वकको बैंक जामानी पत्र ( परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ ।

२.स्वीकृत ठेक्का अंङ्कलाई ३ (तिन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०%, दोस्रो किस्ता २५% र तेस्रो किस्ता २५% मध्ये पहिलो किस्ता ५०% सम्झौताको वखत दाखिला गरि बांकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट २०७८ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नूपर्नेछ । ५०% प्रतिशत रकमको किस्ता सम्झौता समय भित्र भूक्तान गर्नूपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भूक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

३. ठेक्का सम्झौता गर्दा कवोल अंकको मू.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कूल सम्झौता रकम कायम गरिनेछ .

४. स्वीकृत ठेक्का अंङ्कको पूरै रकम सम्झौताका बखत एकमूष्ट बूझाउन चाहेमा औचित्य हेरी बढिमा ५प्रतिशत सम्म छूट दिन सकिनेछ ।

५. कूनै शर्त राखी पेश गरेको, हूलाक मार्फत पठाएको र रित नपूगेको वोलपत्र माथी कूनै कारवाही गरिने छैन ।

६. पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहनेछ ।

७. **महाकाली नगरपलिका क्षेत्र** भित्रको व्यक्तिगत तथा निषेधित क्षेत्र बाहेकका **महाकालि** नदी दायांबाया किनारको ढूंङ्गा, गिटी, वालूवा जस्ता नदिजन्य पदार्थ उपयोग तथा विक्री कर तोकिएको डिपोबाट अशुल गर्नुपर्ने छ, तर नदीनालाको पूल (पक्की/ झोलूङ्गे ) तल माथी दूबैतर्फ ५०० मिटरसम्म नदिजन्य पदार्थ उठाउन पाइने छैन । त्यसैगरी व्यक्तिको निजी स्वामित्वमा रहेको तथा हाल भोगचलनमा रहेको जग्गाबाट कम्तीमा २५ मिटरसम्म प्राकृतिक स्रोत साधन उठाउन पाइने छैन ।

८. प्राकृतिक साधन उपयोग तथा विक्री कर अशूल गर्दा प्रथम पक्षले तोकिदिएको दररेटमा मात्र कर अशूली गर्नू पर्नेछ ।

९. प्राकृतिक स्रोत साधन निकाल्ने प्रयोजनका लागी कार्यलयको स्वीकृत विना लोडर, डोजर, एक्साभेटर,जे.सि.वि. र ६ टायर भएका भन्दा ठूला हेभी उपकरण प्रयोग गर्न पाईने छैन ।

नि.प्रमुख प्रशासकीय अधिकृत

१०. ढुंगा, गिटी, बालुवा, दहत्तर बहत्तरको उत्खनन् तथा संकलन कार्य सुर्यास्त देखि सुर्योदय नहुदासम्म गर्न पाईने छैन ।

११. प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा कार्यलयद्धारा तोकिएको एउटै बाटो प्रयोग गर्नू पर्ने तथा निकासीका लागि प्रयोग गरिएको बाटो नगरपालिकाको निर्देशनमा वोलपत्रदाताले मर्मत सुधार गर्नूपर्ने छ ।

१२. प्राकृतिक स्रोत साधन उपयोग तथा विक्रीकर संकलन गर्ने प्रयोजनका लागी नगरपालिकाको कार्यालयले आवश्यकता अनुसार डिपो निर्धारण गर्न सक्नेछ ।

१३. पानीले भिजेको र पानी चुहाएर ढुंगा, गिटी, वालुवा, दहत्तर, वहत्तर वोकेर ढुवानी साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

१४. ढुवानी साधनले भार वहन क्षमता भन्दा वढी तौल राखी वा न्युन विलकारी ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपले ढुवानी गर्न पाईने छैन ।

१५. नेपाल सरकारको मौजूदा कानूनी व्यवस्था अनूसार आषाढ, श्रावण, भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदिजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सो को पूर्णरुपले पालना गर्नु पर्नेछ ।

१६. उत्खनन् गरिएको नदिजन्य पदार्थ नदि किनारा वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाईने छैन, त्यसका लागि वोलपत्र दाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नु पर्नेछ ।

१७. कूनै पनि वन्द हड्ताल, प्राकृतिक प्रकोप आदि कारण देखाई छूट वा मिनाहाको दावी गर्न पाईने छैन । नदिजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी गर्दा कुनै विवाद उत्पन्न भएमा वोपत्रदाता स्वयंले व्यवस्थापन गर्नू पर्नेछ.

१८. माथि उल्लेखित सर्तहरु उल्लंघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबूझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी वाकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशूल उपर गर्ने गरी कानूनी प्रकृया अपनाईने छ साथै अशूल गर्न वाँकी रकममा १० प्रतिशत थप क्षतीपुर्ति समेत जोडी सरकारी बाँकी सरह अशूल उपर गरिनेछ ।

१९. यो ठेक्का सँग सम्बन्धित सम्पूर्ण सरोकारवालाको सूविधाका लागि सूचना प्रकाशित मितिको २०औ दिन प्रि.विड छलफल राखिने हूनाले उक्त दिन कार्यालय समयमा ईच्छूक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

महाकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

२०. रोयल्टि वाफत प्रति क्युविक मिटर रु ७५ का दरले राज्यश्व असुल गर्नु पर्नेछ।बोलपत्रमा उल्लेखित न्युनतम ठेक्का अंकमा मु.अ. कर समावेश नभएकाले ठेकेदारले रोयल्टि असुल गर्दा तोकिए बमोजिमको मु. अ. कर थप गरि रोयल्टि असुल गर्नु पर्नेछ।कसैले रोयल्टि नतिरि चोरि गरि नदिजन्य पदार्थ ल्याएको फेला पारेमा ठेकेदारले तोकिएको दररेटमा १००% थप गरि असुल गर्नु पर्नेछ।

२१. ठेकेदारले नदिजन्य पदार्थको विक्रि गर्दा घरायसि कामकाज र उपभोक्ता समिति मार्फत निर्माण गरिने योजनाहरुमा प्राथमिकता दिई उपलब्ध गराउनुपर्नेछ।दार्चुला जिल्ला बाहिर बिक्रि वा निकासि गर्न पाउने छैन।

२२. ठेक्का स्विकृत भई सम्झौता भए पश्चात नेपाल सरकार वा अदालतको निर्णयले ठेक्कामा बाधा उत्पन्न भएको अवस्था बाहेक अन्य कुनैपनि बन्द,हडताल हस्ता मानविय सृजित कारणबाट सृजना हने बन्दको अवस्थामा माफी मिनाहाको दावा गर्न पाईनेछैन।

२३.ठेक्का सम्झौता भएको सात दिन भित्र ठेकेदार र प्राविधिक कर्मचारी समेतको रोहवरमा संकलन गर्न सकिने स्थानको सिमांकन तथा रेखांकन गरिने र संकलन/उत्खनन गरिने कार्यमा संलग्न सम्भावित कामदारलाई वातावरणिय सचेतना दिएपछी मात्र कार्यको सूरुवात गरिने छ । उल्लेखित कार्य पूरा नभएसम्म ठेकेदारले नदिबाट संकलन गर्न पाउने छैन ।

२४.ठेक्का समाप्त भएपछि आन्तरीक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाण पत्र पेश गरेपछि मात्र धरौटी फिर्ता दिईने छ ।

२५.नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदनलाई पालना गर्नु पर्नेछ ।

२६.विस्तृत् जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं. ०९३४२०१३७ सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# बोलपत्र फारम

(बोलपत्रदाताले कम्पनि/फर्मको लेटरहेडमा लेखि पेश गर्नु पर्नेछ)

श्रीमान प्रमख प्रशासकिय अधिकृत ज्यु,
महाकाली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,खलङ्गा,दार्चुला

**विषयः रेट पेश गरेको बारे**

यस महाकाली नगरपालिका,नगरकार्यपालिकाको कार्यलयको मिति गते प्रकाशित महाकाली नगरपालिका क्षेत्राधिकार भित्रको महाकाली नदिको नदिजन्य पदार्थ(ढुङ्गा, गिट्टि, वालुवा आदि) उत्खनन् तथा विक्रि सम्बन्धी बोलपत्र आव्हानको सुचनाको ठेक्का न. को यस महाकाली नगरपालिकाले तोकेको शर्तनामाको अधिनमा रही आफुले कबोल गरेको रकम यो बोलपत्र फारममा पेश गरेको छु|

| ठेक्का न. | विवरण | कबोल गरेको रकम (कर बाहेक) | |
|---|---|---|---|
| | | अंकमा | अक्षरमा |
| | | | |

बोलपत्रदाताको नामः
बोलपत्रदाताको सहिः ........................
ठेगाना
मितिः

नि.प्रमुख प्रशासकीय अधिकृत